जिल्ला स्तरीय संकट व्यवस्थापन केन्द्र (District Corona Crisis Management Center, DCCMC) रामेछापद्वारा प्रकाशित

# कोभिड-१९ विशेष रामेछाप जिल्ला स्तरीय प्रतिकार्य बुलेटिन




वर्ष १ २०७६ चैत्र मसान्त अंक १

## प्रारम्भ

**Stay Home: Stay Safe**

**विश्व व्यापी रुपमा फैलिएको कोभिड-१९ (कोरोना भाइरस) को संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं । सामाजिक दूरी कायम गरी आफू र आफ्नो परिवार, समुदाय र राष्ट्लाई बचाऔं।**

कोभिड-१९ को कारण हाल विश्वनै आक्रान्त भएको छ । नेपालमा पनि यसको संक्रमण पुष्टि भएको छ । कोभिड-१९ को रोकथाम, नियन्त्रणका लागि रामेछाप जिल्लाबाट यस सम्बन्धि भएका क्रियाकलापहरुको जानकारी गराउने उद्देश्यले यो बुलेटिन तयार गरिएको छ ।

कोभिड-१९ को रोकथाम र नियन्त्रण तथा लकडाउनको पूर्णपालना गर्न गराउन अहोरात्र खटिने सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, सबै स्थानीय तहहरु, जनप्रतिनिधि, उद्योगी, व्यवसायी, जिल्ला स्थिति कार्यालय, नागरिक समाज, सञ्चारकर्मी तथा जिल्लावासी सम्पूर्ण महानुभावहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छै । आगामी दिनमा यहाँहरुको थप सल्लाह सुझाव र सहयोगको अपेक्षा गर्दछौ ।



*जिल्ला विपद् व्यवस्थापन समितिको बैठक*

कोभिड-१९ को रोकथाम, नियन्त्रण र समन्वयका लागि पहिलो चरणमा जिल्ला विपद् व्यवस्थापन समिति कोरोना रोकथाम तथा नियन्त्रण समन्वय समिति गठन भई सूचना तथा सन्देश प्रसारण, क्वारेन्टाइन, आइसोलेसन स्थापना, भारत लगायत तेस्रो मुलकुबाट आउनेको विवरण संकलन गरी क्वारेन्टाइनमा राखे, नियमित Follow up गर्ने कार्य भएको । मिति २०७६ चैत्र १३ मा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सबै सुरक्षा निकाय, जिल्ला स्वास्थ्य कार्यालय र अस्पतालका प्रमुख र सबै ८ वटै स्थानीय तहका स्वास्थ्य संयोजक रहने कमाण्ड पोष्ट गठन गरी लकडाउनको पूर्ण पालना, अत्यावश्यक बस्तुको आपूर्ति, क्वारेन्टाइनमा रहेकहरुको निरन्तर Follow up गर्ने कार्य भएको ।

## विपद् व्यवस्थापन समिति रामेछापको गतिविधिहरु

## जनप्रतिनिधि एवं सरोकारवालाहरुसँग छलफल



*कोभिड-१९ को रोकथाम, नियन्त्रण र समन्वय सम्बन्धि जनप्रतिनिधि एवं सरोकारवालाहरुसँग भएको छलफल बैठक*

रामेछाप जिल्लाबाट संघीय तथा प्रदेश सभामा प्रतिनिधित्व गर्ने सांसदज्यूहरु, नगरपालिका/गाउँपालिकाका प्रमुख/अध्यक्ष लगायतका जनप्रतिनिधिहरुको उपस्थितिमा जिल्ला विपद् व्यसवस्थापन समितिको बैठक बसी कोभिड-१९ को रोकथाम, नियन्त्रण र प्रतिकार्यका लागि हालसम्म भएको कामको समिक्षा गर्दै अवलम्बन गर्नु पर्ने रणनीतिका बारेमा छलफल गरिएको छ।साथै जिल्ला स्तरमा सक्रिय राजनीतिक दलहरुको समेत उपस्थितिमा सर्वपक्षिय बैठक बसी आवश्यक निर्णय गरिएको छ।

# जिल्ला स्तरीय कोरोना संकट व्यवस्थापन केन्द्र (DCCMC) गठन तथा कार्य सञ्चालन



*DCCMC को बैठक*

कोभिड-१९ को रोकथम, नियन्त्रण र उपचारमा सहयोग, समन्वय, सहजिकरण र अनुगमन गर्ने लगायतका काम गर्न मिति २०७६ चैत्र २३ मा जिल्लास्तरीय District Corona Crisis Management Center, (DCCMC) रामेछाप स्थापना भई कार्य सञ्चालन भएको छ ।

DCCMC गठन हुनु पूर्व जिल्ला विपद् व्यवस्थापन समिति र कमाण्ड पोष्टले कोभिड-१९ सम्बन्धि काम गरिरहेकोमा गृह मन्त्रालयको मिति २०७६/१२/२० को निर्णय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७६/१२/२० को निर्देशन बमोजिम कार्यदिश तथा गठन विधि अनुसार जिल्लास्तरीय संकट व्यवस्थापन केन्द्र (DCCMC) गठन भएको हो । यस जिल्लामा रहेको ८ वटा स्थानीय तहहरुमा गठन भएको छ ।

जिल्लास्तरीय DCCMC ले कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण र उपचारमा समन्वय, सहजिकरण र अनुगमनको कार्य गरिरहेको छ। DCCMC रामेछापको सचिवालय जिल्ला प्रशासन कार्यालयमा रहेको छ । DCCMC पदाधिकारीहरु बीच हालको अवस्थाको मुल्याङ्कन, निर्देशन र समन्वयका साथै समिक्षाको कार्य भई रहेको छ । चैत्र मसान्तसम्म २ वटा बैठक बसी विभिन्न निर्णय भएका छन् ।

## कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) रामेछापका पदाधिकारीहरुको नाम तथा सम्पर्क नम्बर

| नाम, थर | पद | सम्पर्क नम्बर |
|---|---|---|
| श्री रुद्रादेवी शर्मा | प्र.जि.अ. | ९८५४०५७७७७ |
| श्री फडिन्द्र दाहाल | जि.स.अ. | ९८५४०४०१०७ |
| श्री राजु प्रसाद पौडेल | स.प्र.जि.अ. | ९८५११७३४२६ |
| श्री गणेश सिंह भण्डारी | प्रमुख सेनानी | ९८५११३६७८० |
| श्री बसन्त पाठक | प्र.ना.उ. | ९८५४०५५५५५ |
| श्री रमेश कुमार थापा | प्र.ना.उ. | ९८४१४२३४६६ |
| श्री सुबास कार्की | प्र.अ.अ. | ९८४१९०८०९६ |
| श्री जितेन्द्र कमार कर्ण | स्वास्थ्य प्रमुख | ९८५४०४५००७ |
| डा. आनन्द प्रसाद आचार्य | चिकित्सक | ९८४९१७७०५७ |

### सल्लाहाकार

| | | |
|---|---|---|
| श्री प्रेम बहादुर खड्का | प्रमुख | जिल्ला समन्वय समिति |
| श्री रमेश कुमार बस्नेत | नगर प्रमुख | मन्थली नगरपालिका |

## जिल्लास्तरीय Patient Receiving Team (PRT)

| | |
|---|---|
| स्वास्थ्य प्रमुख श्री जितेन्द्रकुमार कर्ण, स्वास्थ्य कार्यालय | संयोजक |
| चिकित्सक डा. आनन्दप्रसाद आचार्य, जिल्ला अस्पताल | सदस्य |
| प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय | सदस्य |
| सह-सेनानी, नयाँ गोरख गण, रामेछाप व्यारेक | सदस्य |
| प्रहरी निरीक्षक, जिल्ला प्रहरी कार्यालय | सदस्य |
| प्रतिनिधि, सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्म | सदस्य |
| ब.अ.स., राष्ट्रिय अनुसान्धन जिल्ला कार्यालय | सदस्य |
| सम्बन्धित पालिकाको स्वास्थ्य संयोजक | पदेन सदस्य |

## संक्रमित बिरामीलाई अस्पताल लैजान टोली गठन Patient Receiving Team (PRT)

कोभिड-१९ का संक्रमित बिरामीलाई सहज एवं सुरक्षित तवरले अस्पताल लैजान जिल्ला स्तरमा स्वास्थ कार्यालयका प्रमुखको नेतृत्वमा Patient Receiving Team (PRT) तयार रहेको छ। जिल्लाका सबै नगरपालिकाहरुमा नगर स्वास्थ्य संयोजक र वडास्तरमा वडा अध्यक्षको संयोजकत्वमा PRT गठन भएको छ।

## जिल्ला स्तरीय निर्देशक समिति गठन

कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारमा समन्वय, सहजीकरण र निर्देशनका लागि जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा सबै पालिकाका प्रमुखहरु, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय तथा स्वास्थ्यका प्रमुखहरु रहने निर्देशक समिति गठन भएको छ ।

## सल्लाहकार समूह

कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि आवश्यक समन्वय, सहजीकरण, सल्लाह, सुझाव प्रदान गर्न देहाय बमोजिम सल्लाहकार समूह गठन भएको छ ।

- प्रतिनिधि सभा सदस्य, माननीय सांसद श्यामकुमार श्रेष्ठ
- प्रदेश सभा सदस्य एवं आर्थिक मामीला तथा योजना मन्त्री, माननीय सांसद कैलाश प्रसाद ढुंगेल
- प्रदेश सभा सदस्य, माननीय सांसद शान्ति प्रसाद पौडेल
- प्रदेश सभा सदस्य, माननीय सांसद श्री रिता माझी
- जिल्ला समन्वय समितिका प्रमुख श्री प्रेमबहादुर खड्का
- मन्थली न.पा. नगर प्रमुख रमेश कुमार बस्नेत

### हेल्थ डेक्सको व्यवस्था

यस जिल्लाको मुख्य बजार क्षेत्र मन्थली नपा-१ को भैसेश्वरमा सार्वजनिक यातायात तथा निजी सवारी साधनमा आउने यात्रुहरुलाई सामाजिक दूरी कायम गरी Forehead Thermal Gun को माध्यमबाट स्वास्थ्य परीक्षण गरी हेल्थ डेक्समा आवश्यक सल्लाह/सुझाव दिने व्यवस्था गरिएको ।



हेल्थ डेक्सको निरीक्षण गर्दै प्र.जि.अ. रुद्रादेवी शर्मा



साँघुटार स्वास्थ्य चौकीमा
CCMC Team Mamber

## कोभिड-१९ सम्बन्धी जनचेतना

जिल्ला प्रहरी कार्यालयबाट विभिन्न स्थानबाट चेतनामूलक पर्चा पम्पलेट लगायत यात्रुहरुलाई निशुल्क माक्स वितरण गरिएको छ । जिल्ला प्रशासन कार्यालय लगायत सबै स्थानीय तहहरुमा सेवाग्राहीहरुको लागि कोभिड-१९ सम्बन्धि अडियो नोटिसको व्यवस्था भएको साथै जिल्ला स्थित सरकारी तथा गैरसरकारी कार्यालयहरुमा सेवाग्राही तथा कर्मचारीहरुका लागि सेवा लिनु पूर्व अनिवार्य साबुन पानीले हाल धुने व्यवस्था गरिएको । साथै चेतनामूलक सूचना साथै जनकारीमुलक सन्देशहरु स्थानीय सञ्चार माध्यम तथा पत्रपत्रिकाहरु प्रकाश तथा प्रकाशन गरिएको छ ।



कोभिड-१९ सम्बन्ध सचेतना पर्चा वितरण गर्दै प्रहरी



यात्रीहरुलाई माक्स वितरण गर्दै ट्राफिक प्रहरी

**स्थानीय तह अन्तर्गतका वडाहरुले आफ्नो क्षेत्रभित्रका दैनिक गुजारा गरी जीवनयापन गर्ने, गरिव, असहाय व्यक्तिहरुलाई राहत विवरण गर्नको लागि तथ्याङ्क संकलन गर्ने कार्य भई रहेको हुँदा त्यस्ता अवस्थाका व्यक्ति तथा परिवारले सम्बन्धित वडामा सम्पर्क राख्न हुन हार्दिक अनुरोध छ ।**

# क्वारेन्टाइन, आइसोलेसन तयारीको अवस्था

## स्थानीय तहगत रुपमा तयार गरिएका Querantine Bed

| सि.न. | स्थानीय तह | स्थान | आईसोलेसन बेड संख्या |
|---|---|---|---|
| १. | रामेछाप नगपालिका | रामेछाप सामुदायिक भवन झम्रेचौर | १० |
| | | भुसंरक्षण कार्यालय रामेछाप | ४० |
| | | साघुटार स्वास्थ्य चौकी | १० |
| | | गोठगाउँ स्वास्थ्य चौकी | ५ |
| | | रामपुर स्वास्थ्य चौकी | ५ |
| २. | मन्थली नगरपालिका | मन्थली मा.बि.मन्थली | २० |
| | | शारादा मा.बि गेलु | ६ |
| ३. | सुनापति गाउँपालिका | | |
| ४. | खाँडादेवी गाउँपालिका | राकाथुम वडा नं. १ | २ |
| | | मझुवा वडा नं. २ | ११ |
| | | भीरपानी वडा नं. ३ | १० |
| | | माकामदु वडा नं. ६ | १२ |
| | | पकरवास वडा नं. ५ | ८ |
| ५. | दोरम्बा गाउँपालिका | लखनपुर स्वा.चौ. | ५ |
| | | रिष्ठे सा.स्वा.ई. | २ |
| | | आधारभुत स्वा.के.गुन्साल | २ |
| | | टोकरपुर स्वा.चौ | १ |
| | | गौश्वरा स्वा.चौ | २ |
| | | भागेटार सा.स्वा.ई. | १ |
| | | डडुवा स्वा.चौ | ३ |
| ६. | गोकुलगंगा गाउँपालिका | वडा नं. १ चुचुरे | ६ |
| | | वडा नं. २ ठोसे | ३ |
| | | वडा नं. ३ रस्नालु | १६ |
| | | वडा नं. ४ बेताली | ३ |
| | | वडा नं. ५ नामाडी | ३ |
| | | वडा नं. ६ फर्पू | ३ |
| ७. | उमाकुण्ड गाउँपालिका | उमाकुण्ड गा.पा.वडा नं.२ बाम्ती | २५ |
| | | उमाकुण्ड गा.पा.वडा नं. ४ प्रिती | १८ |
| | | उमाकुण्ड गा.पा. वडा नं.६ गुप्तेश्वर | ५ |
| | | उमाकुण्ड गा.पा.वडा कार्यालय | ५ |
| ८. | लिखु तामकोसी गाउँपालिका | वडा नं. १, दुरागाउँ | ६ |
| | | वडा नं. २, सैपुमा | ६ |
| | | वडा नं. ३, विजुलीकोट | ११ |
| | | वडा नं. ४ कोटगाउँ | ५ |
| | | वडा नं. ५ नागदह | ५ |
| | | वडा नं.६ खिम्ती | ६ |
| | | वडा नं. ७ तिल्पुङ्गमा | १० |

**कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारको लागि ५८ वटा आइसोलेन वेड र २९१ वटा क्वारेन्टाइन तयारी अवस्थामा राखिएको छ ।**



*रामेछाप सामुदायिक भवनमा तयार गरिएको क्वारेन्टाइन वेडहरु*

## स्थानीय तहगत रुपमा तयार गरिएका Isolation वेडहरुको विवरण

| सि.न. | स्थानीय तह | स्थान | आईसोलेसन बेड संख्या |
|---|---|---|---|
| १. | रामेछाप नगरपालिका | जिल्ला अस्पताल, रामेछाप | ४ |
| | | साँघुटार स्वास्थ्य चौकी | ३ |
| २. | मन्थली नगरपालिका | तामाकोशी अस्पतालमा | १४ |
| | | रामेछाप सामुदायिक अस्पतालमा | ४ |
| | | मन्थली प्रा.स्वा.के मन्थली | ४ |
| ३. | सुनापति गाउँपालिका | गुन्सी स्वास्थ्य चौकी | ३ |
| | | बेथान स्वास्थ्य चौकी | ३ |
| ४. | खाँडादेवी गाउँपालिका | राकाथुम स्वास्थ्य चौकी | १ |
| | | मझुवा स्वास्थ्य चौकी | २ |
| | | भिरपानी स्वास्थ्य चौकी | २ |
| | | पकरवास स्वास्थ्य चौकी | २ |
| | | माकादुम स्वास्थ्य चौकी | ४ |
| ५. | दोरम्बा गाउँपालिका | दोरम्बा स्वास्थ्य चौकी | ७ |
| ६. | गोकुलगंगा गाउँपालिका | चुचुरे वडा न १ | ५ |



*तामाकोशी अस्पतालमा आइसोलेन वेडहरुको निरीक्षण गर्दै प्र.जि.अ. रुद्रादेवी शर्मा*

## शंकास्पद विरामीको स्वाव परीक्षण गर्दा रिपोर्ट नेगेटिभ

यस जिल्लामा कोभिड-१९ को लक्षणसँग मिल्दोजुल्दो लक्षण देखिएको २ जनाको स्वाव परीक्षणको लागि धुलिखेल अस्पताल पठाईएकोमा रिपोर्ट नेगेटिभ आएको छ ।

# क्वारेन्टाइन, आइसोलेसन तयारीको अवस्था

चैत्र महिना भित्र भारत लगायत तेस्रो मुलुकबाट यस जिल्ला प्रवेश गरी क्वारेन्टाइनमा रहेका नागरिक र उनीहरुको परिवार तथा संकास्पद व्यक्तिहरुको RDT गर्न टोली परिचालन गर्ने निर्णय गरिएको ।



*नयाँ गोरख गण, रामेछापले बजार क्षेत्रमा Disinfection स्प्रे गर्दै*

**RDT (Rapid Diagnostice Test) टोली परिचालन गरिएको**

| सि. नं. | स्वास्थ्य कर्मीको नाम | खटिने स्थान | खटिने मिति |
|---|---|---|---|
| १. | संजिव भगत (ल्या.अ. | लिखु तामाकोशी गा.पा. | २०७७/०१/०२ |
| | | गोकुलगंगा गा.पा. | २०७७/०१/०४ र ०५ |
| २. | राजेश प्रसाद पाल (ल्या.टे.) | रामेछाप न.पा. | २०७७/०१/०२ र ०३ |
| | | खाँडादेवी गा.पा | २०७७/०१/०५ |
| | | सुनापती गा.पा. | २०७७/०१/०६ |
| | | दोरम्बा गा.पा. | २०७७/०१/०७ र ०८ |
| ३. | संजय कुमार शाह (ल्या.अ.) | मन्थली न.पा. | २०७७/०१/०२ देखि ०७ सम्म |



*नयाँ गोरख गण, रामेछापले तयार गरेको क्वारेन्टाइन स्थल*




*प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा एवं सुरक्षा निकायका पदाधिकारीहरुबाट लकडाउनको अनुगमन गर्दै*

# कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारको लागि तयारी अवस्थामा राखिएका एम्बुलेन्सहरु र स्थानीय तहगतका स्वास्थ्य संयोजकहरु

## जिल्लामा तयारी अवस्थामा रहेका एम्बुलेन्स तथा शव बहानको विवरण

| स्थानीय तह | एम्बुलेन्स नं. | सम्पर्क नं. | निकाय |
|---|---|---|---|
| रामेछाप नगरपालिका | बा. १ झ. २६६९ | ९७४४०१६३४० | श्री जिल्ला अस्पताल रामेछाप |
| | बा. २ झ १७५२ | ९७४४०१६३४० | श्री जिल्ला अस्पताल रामेछाप |
| | ज. १ च. १०५२ | ९७४४०५९७९४ | श्री सारथी युवा क्लब |
| | बा. ११ च. ९८९९ | ९८४१४७०७१९ | श्री गोठगाउँ स्वास्थ्य चौकी |
| | बा. १९ च. ३९२४ | ९८६१९९३६५१ | श्री साँघुटार स्वास्थ्य चौकी |
| | बा. २ झ ४४२२ | ९८४०६०८२५८ | श्री रामेछाप नगरपालिका |
| मन्थली नगरपालिका | बा. १० च. ४४४२ | ९८६४००७२८०<br>९८५४०४०१२८ | श्री रेडक्रस सोसाईटी मन्थली |
| | बा. १३ च. ५४८८ | ९८४४२४२१३६ | श्री तामाकोसी अस्पताल |
| | प्रदेश-३-०१-०२३ च ०४०२ | ९८६०६९८४७४ | श्री मन्थली नगरपालिका |
| | बा. १९ च. ३९१९ | ९८६९४१७१२६ | श्री गेलु चनखु संचालक समिति |
| | बा. २ झ ४४६२ | ९८६१३७७२३२ | श्री गेलु प्राथमिक स्वास्थ्य केन्द्र |
| | प्रदेश-३-०१-००२ झ ४९४४ | ९८४१७५२०५५ | फुलासी स्वास्थ्य चौकी |
| | बा. १९ च.३९२३ | ९८४४१४१६२९ | श्री दोरम्बा डडुवा फुलासी एम्बुलेन्स संचालक समिति |
| सुनापति गाउँपालिका | बा. २ झ. ६७६ | ९८१३५३६९७७ | श्री गुन्सी स्वास्थ्य चौकी |
| खाँडादेवी गाउँपालिका | बा. १९ च. ३९२२ | ९८४९७५६७४९ | श्री खाँडादेवी गाउँपालिका |
| | प्रदेश-३-००२-५०३८ | ९८६३५२६८१९ | खाँडादेवी विकास कोष |
| गोकुलगंगा गाउँपालिका | बा १९ च २८३ | ९८४८९३४५५० | चुचुरे स्वास्थ्य चौकी |
| | बा. २ झ १०५७ | ९८६०५४९४२७ | श्री बेताली स्वास्थ्य चौकी |
| उमाकुण्ड गाउँपालिका | ज. १ झ. ४१२ | ९८६४३३४०७७ | श्री गुम्देल स्वास्थ चौकी |
| | ज. १ च. १६६९ | ९८४५१६६७१२ | श्री बाम्ती स्वास्थ्य चौकी |
| | ज. १ झ ४१४ | ९८१३८६२८३० | प्रिति स्वास्थ्य चौकी |
| | बा. १९ च ३९२० | ९८४६७७१०६४ | जमुना तामाङ/ शेर बहादुर तामाङ स्मृति प्रतिष्ठान |
| लिखु तामाकोसी गाउँपालिका | बा. १० च ४४४४ | ९८६०१५८३०९ | जमुना तामाङ/ शेर बहादुर तामाङ स्मृति प्रतिष्ठान |
| | बा. २ झ ४०१६ | ९८४८८५७७९४<br>९८४३४९१४३३ | श्री लिखु तामाकोसी गाउँपालिका |
| | बा. २ झ ४०१५ | ९८६०७१९१३७<br>९८६११८६९७९ | |

कोभिड-१९ वा स्वास्थ्य सम्बन्धी जानकारी लिन

**टोल फ्रि नं. १६६०४८५४११४**

स्वास्थ्य कार्यालय, रामेछाप

## COVID-१९ Friendly एम्बुलेन्स

जिल्ला अस्पताल रामेछाप र नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रामेछापको एम्बुलेन्सलाई कोभिड-१९ मैत्री बनाई DCCMC मातहत राखिएको छ ।




***तयारी अवस्थामा रहेको*** *COVID-19 Friendly Ambulance*

### COVID-19 सम्बन्धी रोकथाम तथा उपचारको लागि जिल्ला एवं स्थानीय तहहरुको स्वास्थ्य संयोजकहरुको विवरण

| कार्यालय | संयोजको नाम | सम्पर्क नम्बर |
|---|---|---|
| स्वास्थ्य कार्यालय | श्री जितेन्द्र कुमार कर्ण | ९८५४०४५००७ |
| जिल्ला अस्पताल | डा. आनन्द आचार्य | ९८४९१७७०५७ |
| मन्थली नपा | श्री केशव फुयाल | ९८५४०४०३४७ |
| रामेछाप नपा | श्री विष्णु कार्की | ९८५४०४३४०१ |
| लिखु तामाकोशी गापा | श्री जयप्रकाश राय | ९८४४२०१०६२ |
| सुनापति गापा | श्री प्रवल योञ्जन | ९८५११८७०८३ |
| उमाकुण्ड गापा | श्री दिपेन्द्र पैकारा | ९८५४०४००६५ |
| गोकुलगंगा गापा | श्री जागीर राय | ९८४९८५०३१५ |
| दोरम्बा गापा | श्री कमल भट्टराई | ९८४१२०८१७३ |
| खाँडादेवी गापा | श्री ओम प्रकाश श्रेष्ठ | ९८४४१४२०७५ |

**घरमानै बसौं कोरोना भाइरसबाट आफू बचौं र अरुलाई पनि बचाऔं ।**

## उपभोग्य बस्तुहरुको आपूर्ति व्यवस्थापन तथा अनुगमन

यस जिल्लामा नागरिकहरुले दैनिक उपभोग गर्ने खाद्यान्न नून, तेल, चिनी लगायत उपभोग्य बस्तुहरुको संचिति प्रयास रहेको छ । विक्रि वितरणलाई व्यवस्थित गर्दै संक्रमणमुक्त बनाउन र अत्यावश्यक बस्तुको अभाव हुन नदिन रामेछाप उद्योग बाणिज्य संघका पदाधिकारीसँग निरन्तर समन्वय गर्दै आपूर्ति व्यवस्था मिलाईएको छ । आपूर्ति व्यवस्थाका सम्बन्धमा सुरक्षा निकाय सम्मिलित टोलीबाट निरन्तर अनुगमन भई रहेको छ ।

आम उपभोक्ताको मागलाई सम्बोधन गर्दै उपभोग्य बस्तुको सहज विक्री वितरण गर्न विभिन्न समयमा सूचना जारी गरिएको छ । बजार अनुगमनलाई सम्बद्ध पक्षको



*लकडाउन र बजार अनुगमन गर्दै प्र.जि.अ. रुद्रादेवी शर्मा लगाएत जिल्ला सुरक्षा समितिका पदधिकारीहरु*

संलग्नतामा सबै क्षेत्र समेटिने गरी विभिन्न समूहमा विभाजन गरी एकै पटक बजार अनुगमन गरिएको छ । अनुगमनका क्रममा मापदण्ड विपरित गुणस्तरहीन तथा उपभोग गर्न अयोग्य सामाग्री जफत गरी सम्बन्धित व्यवसायीहरुलाई सचेत गराईएको छ । पेट्रोलियम पदार्थको नियमित अनुगमन तथा सहज आपूर्तिको व्यवस्था मिलाईएको छ ।

## आपूर्ति व्यवस्थापन र अवाञ्छित क्रियाकलाप रोक्न छुट्टा छुट्टै संयन्त्र

अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति र व्यवस्थापन सम्बन्धमा प्रशासनकीय अधिकृतको संयोजकत्वमा घरेलु तथा साना उद्योग कार्यालय, उद्योग बाणिज्य संघ, उपभोक्ताहित संरक्षण मञ्चको प्रतिनिधित्व रहने गरी समिति गठन गरिएको छ । समितिले साप्ताहिक रुपमा अत्यावश्यक बस्तु र सेवाको आपूर्तिको अवस्था संकलन गरी जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) मा विवरण उपलब्ध गराउने कार्य गर्दछ ।

हाल जिल्लामा ३ महिनाको लागि पुग्ने खाद्यान्न (चामल, दाल, पिठो, तेल, नुन, चिनी) को उपलब्धता रहेको छ भने जिल्ला भित्र र अन्तरजिल्लाबाट खाद्यान्न आपूर्ति ढुवानीको सहज व्यवस्था मिलाईएको छ । साथै लकडाउनको अवस्थामा अत्यावश्यक सामाग्रीहरुको अभाव देखाई मूल्यवृद्धि कालोबजारी गर्ने, जम्माखोरी वा लुकाउने र आपूर्तिमा अवरोध गर्ने जस्ता अवान्छित क्रियाकलापहरु हुन नदिन उपभोक्ताहरुको गुनासो सुन्ने र त्यस्ता क्रियाकलापहरुको जानकारी लिन प्रशासकीय अधिकृतको संयोजकत्वमा गुनासो सुन्ने संयन्त्र बनाईएको छ । सो संयन्त्रले सुचना संकलन गरी (DCCMC) मा विवरण उपलब्ध गराउने कार्य गर्दछ ।

### औषधि उपकरण तथा स्वास्थ्य सामग्री लगायत आवश्यक वस्तु वा सेवाको आपूर्तिको अवस्था र अनुगमनका लागि गठित समिति

| | |
|---|---|
| सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय | संयोजक |
| जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समिति | सदस्य |
| सेनानी, नयाँ गोरख गण, रामेछाप व्यारेक | सदस्य |
| प्र.ना.उ., जिल्ला प्रहरी कार्यालय | सदस्य |
| स.प्र.ना.उ., सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्म | सदस्य |
| प्र.अ.अ., राष्ट्रिय अनुसान्ध जिल्ला कार्यालय | सदस्य |
| कार्यालय प्रमुख, घरेलु तथा साना उद्योग कार्यालय | सदस्य |
| अध्यक्ष, रामेछाप उद्योग बाणिज्य संघ | सदस्य |

*स.प्र.जि.अ.को नेतृत्वमा बजार अनुगमन*



# कोभिड १९ सम्बन्धि भएका मुख्य मुख्य सूचनाहरु

## जिल्ला प्रशासन कार्यालय रामेछापबाट जारी गरिएको

सूचना ! सूचना !! सूचना !!!

२७ चैत्र २०७६

गृह मन्त्रालयको प.सं. शा.सु. ०७६/७७/०६, च.नं. ३४२० मिति २०७६/१२/१२ गतेको पत्रबाट अनुरोध भई आए अनुसार कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचारको लागि सहयोग पुऱ्याउन नेपाल सरकारले ***कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोष*** स्थापना गरिसकेको सन्दर्भमा सोही प्रयोजनका लागि अन्य कुनै निकाय वा संघसंस्था तथा व्यक्तिबाट छुट्टै कोष स्थापना नगर्न । यदि छुट्टै कोष खडा गरिसेकेको भएमा त्यस्तो कोषमा आफु मातहतका संघसंस्था तथा व्यक्तिबाट मात्र रकम जम्मा गर्ने । यसरी जम्मा भएको रकम प्रत्येक हप्ता नेपाल सरकारले स्थापना गरेको कोषको राष्ट्रिय बाणिज्य बैंकमा रहेको खाता नं. १९६०००००११०१ मा अनिवार्य रुपमा जम्मा गर्नुहुन, उक्त कोषमा रकम जम्मा गर्न इच्छुक संघसस्था, निकाय तथा व्यक्तिहरुले सोही खाता नं. मा रकम जम्मा गर्न सक्नु हुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ । साथै **नोभेल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको** सचिवालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको हुँदा समितिबाट भएका निर्णयहरु र यस सम्बन्धी विषयमा कुनै सल्लाह, सुझाब वा जानकारी लिन/दिन नोभेल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिका सचिव एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री नारायण प्रसाद विडारी (मोबाईल नं. ९८४८५९४९८३) लाई सम्पर्क गर्नु हुन व्यहोरा समेत सूचित गरिन्छ ।

## जिल्ला प्रशासन कार्यालय रामेछापको

सूचना ! सूचना !! सूचना !!!

(३० चैत्र, २०७६)

नयाँ वर्ष २०७७ को अवसरमा जिल्ला स्थित स्थानीय तह, राजनैनिक दल, निजी क्षेत्र, सरकारी तथा गैर सरकारी निकाय, नागरिक समाज, सञ्चारकर्मी लगायत सम्पूर्ण जिल्लाबासीहरुमा जिल्ला प्रशासन कार्यालय रामेछाप हार्दिक शुभकामना व्यक्त गर्दछ ।

विश्वव्यापी रुपमा फैलिएको COVID-19 को संक्रमणबाट जोगिन विगतका वर्षहरुमा जस्तै नयाँ वर्ष मनाउन नसकिएकोले नयाँ वर्ष मनाउने सन्दर्भमा कुनै किसिमको भेटघाट, जमघट, सामुहिक भेला, भोजभतेर जस्ता कार्य नगर्नु हुन अनुरोध छ । साथै आ-आफ्नो धर्म, संस्कृति परम्परा अनुरुप घरभित्रै बसी मर्यादित र सभ्य ढंगबाट कोरोना विरुद्ध सन्देशमूलक शुभकामना आदान-प्रदान गरी मनाउनु हुन समेत जिल्लाबासीहरुमा हार्दिक अनुरोध गरिन्छ । यदि यस विपरितका कार्यहरु भए गरेको पाईएमा प्रचलित कानून बमोजिम कार्वाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।

२०७६/१२/३०

प्रमुख जिल्ला अधिकारी






*जिल्लाको मुख्य नाका मानिने रामेछाप र सिन्धुली जिल्लाको सिमा क्षेत्र रहेको सेलेघाट प्रहरी चौकीको अनुगमन तथा निरीक्षण गर्दै सबै सुरक्षा पदाधिकारीहरु*






कोभिड-१९ रोकथाम, नियन्त्रण सम्बन्धि विपद् व्यवस्थापनको बैठक



*कोभिड-१९ सम्बन्धि कार्यालय प्रमुखहरुसँग छलफल*

नेपाल सरकार

गृह मन्त्रालय

**जिल्ला प्रशासन कार्यालय, रामेछाप**

# संकट व्यवस्थापन केन्द्र, रामेछाप

*फोन नं. ०४८-५४०३३३, ५४०१३३, ५४०३७०, फ्याक्स नं. ०४८-५४०५०१, ५४००८८*

Email: daoramechhap@gmail.com, Web: daoramechhap.moha.gov.np टोलफ्री नं. १६६०४५५४८८८



केही समस्या भएका नजिकको स्थानीय तह/जिल्ला प्रशासन कार्यालय/जिल्ला प्रहरी कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।